# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी ~~५ नं.~~ प्रदेश नेपाल

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७७।०७८

चलानी नं : १२२३

मितिः २०७८/१/६

विषय !- लाभग्राही छनौट सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
झिमरुक गाउँपालिका

प्रस्तुत विषयमा चालु आ.व.२०७७/०७८ मा यस झिमरुक गाउँपालिकामा लुम्बिनी प्रदेश सरकारबाट बिशेष अनुदानमा प्राप्त मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अर्न्तगत यस गाँउपालिका भित्रका अति विपन्न वर्गका परिवारहरुको आयआर्जनका लागि कुटानी पिसानी मिल वितरण कार्यक्रम रहेको हुँदा तपशिलका मापदण्ड तथा सर्तहरुको अधिनमा रही एक जना लाभग्राही छनौट गरी वडा समितिको निर्णय सहित पठाई दिनु हुन अनुरोध छ ।

०७८/१/०६
प्रमुख प्रशासकीय अधिकृत

सर्त तथा मापदण्डहरु

१.लक्षित समूह (अपाङ्ग, एकल महिला, दलित र विपन्न वर्ग) लाई प्राथमिकता दिईनेछ ।

२. गरिविको समस्याबाट प्रभावित परिवार ( आम्दानीको अन्य श्रोत नभएको परिवार)

३. कुटानी तथा पिसानीको लागि समस्या रहेको वस्ती नजिक कूनै पनि मिल नभएको ।

४.बिद्युत पुगेको वस्ती ।

५.मिल संचालन गर्नका लागि प्रतिवद्धता भएको व्यक्ति ।

अवश्यक कागजातहरु :

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख.जग्गा धनी लालपुर्जाको प्रतिलिपि ।

ग.२ प्रति फोटो